नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, श्रावण २० गते २०२८ साल [अतिरिक्ताङ्क २१

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२८ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

(१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय प्रशासनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना:– स्थानीय प्रशासनसम्बन्धी कानूनलाई विकेन्द्रीत प्रशासन व्यवस्था अनुरूप संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१
प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "स्थानीय प्रशासन ऐन २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "अञ्चलाधीश" भन्नाले नेपालको संविधानको धारा ८६ क. बमोजिम नियुक्त अञ्चलाधीश सम्झनुपर्छ ।

(ख) "प्रमुख जिल्ला अधिकारी" भन्नाले श्री ५ को सरकारबाट नियुक्त प्रमुख जिल्ला अधिकारी सम्झनुपर्छ ।

परिच्छेद–२
अञ्चल र जिल्ला विभाजन

३. अञ्चल तथा जिल्ला विभाजन:– (१) प्रशासनको प्रयोजनको लागि नेपाल अधिराज्यलाई अञ्चल तथा जिल्लाहरूमा विभाजन गरिएको छ र प्रत्येक जिल्लालाई गाउँ सभा वा नगर पञ्चायतका इलाकाहरूमा विभाजन गरिएको छ ।

(२) अञ्चल तथा जिल्लाहरूको संख्या र नाम यस ऐनको अनुसूचीमा उल्लेख भएबमोजिमको हुनेछ । नगर पञ्चायत र गाउँ सभाहरूको संख्या र नाम श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिमको हुनेछ । श्री ५ को सरकारले भौगोलिक स्थिति र जनसंख्या समेतको आधारमा अन्यथा निर्णय गरेमा बाहेक नेपाल अधिराज्यभर गाउँ सभाहरूको संख्या चार हजारभन्दा बढी हुने छैन ।

(३) प्रत्येक अञ्चलको क्षेत्र र अञ्चल सभाको क्षेत्र एउटै हुनेछ । प्रत्येक जिल्लाको क्षेत्र र जिल्ला सभाको क्षेत्र एउटै हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–३
अञ्चल र जिल्ला प्रशासन

४. अञ्चल प्रशासन:– (१) अञ्चलाधीश आफ्नो अञ्चलमा श्री ५ को सरकारको मुख्य प्रशासकीय अधिकारी हुनेछ र श्री ५ को सरकारबाट निर्धारित नीति अनुरूप समन्वयात्मक तरीकाले अञ्चल एवं जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्ने गराउने उत्तरदायित्व निजमाथि रहनेछ ।

(२) अञ्चलाधीशको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:–

(क) अञ्चलमा शान्ति, सुव्यवस्था एवं सुरक्षा कायम गर्ने,

(ख) अञ्चलभित्रको सामान्य प्रशासनको नियन्त्रण तथा निर्माण एवं विकास कार्यहरूमा सहयोग, रेखदेख र तिनको समन्वय गर्ने,

(ग) अदालत र शाही सेना बाहेक श्री ५ को सरकारको अञ्चल एवं जिल्लास्तरीय सरकारी कार्यालयहरूको काम कारवाहीमा समन्वय ल्याउने, ती काम कारवाहीहरू श्री ५ को सरकारको नीति निर्देशनबमोजिम भए नभएको अध्ययन र निरीक्षण गरी अञ्चलस्तरीय कार्यालय भए सो कार्यालयको प्रमुख मार्फत र जिल्लास्तरीय कार्यालय भए स्थानीय प्रमुख जिल्ला अधिकारी मार्फत उचित मार्ग प्रदर्शन र निर्देशन गर्ने र ती कार्यालयहरूले समय समयमा मागेको सहयोग पुऱ्याउने,

(घ) अञ्चलभित्रका जिल्ला पञ्चायतहरूको काम कारवाहीको अध्ययन गरी दुई वा दुईभन्दा बढी जिल्ला पञ्चायतहरूको कार्यक्रमहरूमा अञ्चल समितिको सल्लाह लिई समन्वय गर्ने,

(ङ) अञ्चलभित्रका विभिन्न तहका पञ्चायत एवं वर्गीय तथा व्यावसायिक संगठनहरूको कार्यक्रमहरूमा अञ्चल समितिको सल्लाह लिई सामञ्जस्य ल्याउने,

(च) अञ्चलभित्र रहेका श्री ५ को सरकारको सबै सम्पत्तिको देखभाल, स्याहार संभार र मर्मत भए नभएको हेर्ने र नभएको भए सो गर्ने, गर्न लगाउने,

(छ) यो ऐन र अन्य प्रचलित नेपाल कानूनबमोजिम निजलाई भएको वा निजलाई प्रत्यायोजन भएको अधिकारको प्रयोग र कर्तव्यको पालन गर्ने, र

(ज) श्री ५ को सरकारले समय समयमा सामान्य वा विशेष रूपमा दिएको आदेश निर्देशनअनुसार अन्य काम कारवाही गर्ने ।

(३) अञ्चलाधीशले वर्षको एक पटक विदेशी मुलुकसंग जोडिएको सीमानाको जाँच गर्नु गराउनुपर्दछ ।

(४) समय समयमा अञ्चलाधीशले आफ्नो अध्ययन भ्रमणको आधारमा अञ्चलको गतिविधि र वस्तुस्थिति बारे अञ्चल समितिको बैठकमा जानकारी दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. जिल्ला प्रशासनः– (१) अञ्चलाधीशको सामान्य नियन्त्रण र निर्देशनमा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि श्री ५ को सरकारले प्रत्येक जिल्लामा प्रमुख प्रशासकीय अधिकारीको रूपमा एक जना प्रमुख जिल्ला अधिकारी नियुक्त गर्नेछ ।

(२) प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) जिल्लामा शान्ति, सुव्यवस्था एवं सुरक्षा कायम गर्ने,

(ख) जिल्ला पञ्चायतको माध्यमद्वारा जिल्लाभित्रका गाउँ तथा नगर पञ्चायतहरूको काम कारवाहीको अध्ययन गरी निर्माण तथा विकास कार्यहरूमा सहयोग गर्ने र तिनको सामान्य रेखदेख र समन्वय गर्ने,

(ग) श्री ५ को सरकारको सम्बन्धित मन्त्रालय वा विभागहरूद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत जिल्लास्तरीय कार्यक्रमहरू समन्वयात्मक रूपबाट सुचारु रूपले सञ्चालन गर्न जिल्लास्तरीय सरकारी कार्यालयहरूको काम कारवाहीको रेखदेख र नियन्त्रण गर्ने,

(घ) सरकारी कार्यालयहरूको सहयोगबाट गर्नु पर्ने काम कुराको सम्बन्धमा छलफल र निर्णय हुँदा आमन्त्रित गरिएको अवस्थामा जिल्ला सभा तथा जिल्ला पञ्चायतको बैठकमा अनिवार्य रूपले भाग लिने र जिल्ला सभा तथा जिल्ला पञ्चायतले प्रचलित नेपाल कानून अन्तर्गत रही गरेका निर्णयहरूलाई जिल्लास्तरीय सरकारी कार्यालय प्रमुखहरूको सहयोगबाट कार्यान्वित गर्ने र गर्न लगाउने,

(ङ) जिल्लाभित्र रहेका श्री ५ को सरकारको सबै सम्पत्तिको देखभाल, स्याहार संभार र मर्मत भए नभएको हेर्ने र नभएको भए सो गर्ने र गर्न लगाउने,

(च) यो ऐन र अन्य प्रचलित नेपाल कानूनबमोजिम निजलाई भएको वा निजलाई प्रत्यायोजन भएको अधिकारको प्रयोग र कर्तव्यको पालन गर्ने, र

(छ) श्री ५ को सरकार वा अञ्चलाधीशले समय समयमा दिएका आदेश वा निर्देशनअनुसार अन्य काम कारवाही गर्ने ।

६. शान्ति सुरक्षा कायम गर्नेः– (१) पञ्चायत व्यवस्थालाई खलल पुऱ्याउने वा त्यसप्रति अनास्था पैदा गर्ने वा कुनै हिंसात्मक काम कारवाही गर्ने वा हूल दङ्गा हुने आशंका भएमा त्यस्तो कार्यलाई रोक्न अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले देहायबमोजिम गर्नु पर्दछः–

(क) कुनै सभा जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारवाहीबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरुन्त आफै गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाई शान्ति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्याँस, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थितिअनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने,

(ख) खण्ड (क) अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नुभन्दा अगाडि भीडलाई हट्दैनौं भने गोली चलाइनेछ भनी स्पष्टसंग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुंडामुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिने,

(ग) कुनै ठाउँमा अनुचित आन्दोलन वा हुलदङ्गाको शंका देखाई प्रहरी वा अन्य कुनै स्रोतबाट खबर प्राप्त भएमा परिस्थितिको विचार गरी आवश्यक भएमा सुरक्षाको निमित्त समय र स्थान तोकी आवत जावत निषेध गर्ने र निषेध गरिएको स्थान र समयभित्र कसैलाई आवत जावत गर्न इजाजत दिंदा गोप्य संकेत लिई मात्र आवत जावत गर्न पाउने गरी इजाजत दिने र त्यस्तो आदेश दिएपछि त्यसको जानकारी तुरुन्त श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयमा दिने । प्रमुख जिल्ला अधिकारीले त्यस्तो आदेश दिएकोमा त्यसको जानकारी अञ्चलाधीश कार्यालयलाई पनि दिनु पर्दछ, र

(घ) अञ्चल वा जिल्लामा शान्ति सुरक्षा कायम गर्न समयले भ्याएसम्म लिखित र नभ्याएमा मात्र मौखिक आदेश आवश्यकतानुसार प्रहरी अधिकृतलाई दिने र मौखिक आदेश दिएकोमा समय पाउनासाथ बढीमा चौबीस घण्टाभित्र सो आदेशलाई लिखित रूपमा समर्थन गर्ने ।

(२) आफ्नो अधिकार क्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भइरहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने अञ्चलाधीशलाई लागेमा अञ्चलाधीशले स्थानीय वा नजिकको शाही सेनाको मद्दत माग्न सक्नेछ । सोबमोजिम मद्दत मागेमा शाही सेनाले तुरुन्त मद्दत गर्नुपर्दछ । त्यसरी शाही सेनाको मद्दत लिने अञ्चलाधीशले चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयलाई दिनु पर्नेछ ।

(३) कसैले कुनै काम गर्न लाग्दा वा कहीं केही वस्तु रहंदा वा कसैले राख्दा हुलदङ्गा भई शान्ति सुरक्षा भङ्ग हुने वा कसैलाई बाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले देहायबमोजिमको आदेश दिन सक्नेछ र सो आदेश एक पटकमा दुई महीनाभन्दा बढी अवधिको हुने छैन:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्ने,

(ख) कुनै वस्तु वा सम्पत्तिको मालिक वा व्यवस्थापक वा प्रमुखलाई सो वस्तु वा सम्पत्ति सो ठाउँबाट हटाउन आदेश दिने वा सो ठाउँमा कुनै काम गर्न निषेध गर्ने ।

(४) उप-दफा (३) बमोजिम अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै आदेश दिंदा सो दिनु पर्ने कारण लेखी सम्बन्धित व्यक्तिको नाममा सूचना पठाउनुपर्दछ । सम्बन्धित व्यक्ति फेला नपरेमा काम नरोकिने गरी प्रचलित नेपाल कानूनबमोजिम सूचना टाँस गर्नुपर्दछ । त्यस्तो आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई आदेश दिने अधिकृतले पटकै पिच्छे बढीमा पचास रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) जिल्लाभित्र जग्गा जमीन, कुलो पानी, साँध सीमाना बारे शान्ति भङ्ग हुन जाने जस्तो झगडा भएको वा हुन लागेको छ भन्ने पञ्चायत वा प्रहरीको प्रतिवेदनबाट थाहा हुन आएमा प्रमुख जिल्ला अधिकारीले पर्चा खडा गरी सम्बन्धित पक्षहरू-लाई आफ्नो कार्यालयमा यथाशीघ्र झिकाई बयान लिने र सम्बन्धित सम्पत्ति रोक्का राखी तीन महीना अघिदेखि जसको जिम्मामा छ उसैको जिम्मामा सुम्पन लगाई अदालत-बाट हक बेहक छुट्याएर आउन आदेश दिन सक्नेछ । प्रमुख जिल्ला अधिकारीको उक्त निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयउपर पैंतीस दिनभित्र अञ्चलाधीशसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(६) उप-दफा (३), (४) र (५) अन्तर्गत अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले गरेको आदेश वा जरिवानामा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र अञ्च-लाधीशको आदेशउपर श्री ५ को सरकारसमक्ष र प्रमुख जिल्ला अधिकारीको आदेश उपर अञ्चलाधीशसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

७. प्रहरी कर्मचारी सम्बन्धी अधिकार र कर्तव्यः– अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले प्रहरी थाना, चौकी ठीक अवस्थामा रहे नरहेको, प्रहरी सम्बन्धी कुनै बन्दोवस्त गर्नु पर्ने नपर्ने र प्रहरी कर्मचारी एवं अधिकृत जवानहरूले कानूनबमोजिम काम कारवाही गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा देहायबमोजिम गर्नुपर्दछः–

(क) प्रहरी थाना, चौकी ठीकसंग रहेको छ छैन समय समयमा जाँच गरी त्यसको प्रतिवेदन एक प्रति श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयमा र एक प्रति प्रहरी प्रधान कार्यालयमा पठाउनुपर्दछ । प्रमुख जिल्ला अधिकारीले जाँचेकोमा त्यसको प्रतिवेदन अञ्चलाधीश कार्यालयमा पनि पठाउनुपर्दछ ।

(ख) आफ्नो अञ्चल वा जिल्लाको प्रहरीसम्बन्धी कुनै काम बन्दोवस्त गर्नु पर्ने देखिन आएमा आफ्नो रायसमेत प्रमुख जिल्ला अधिकारीले अञ्चलाधीश

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयमा र अञ्चलाधीशले श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयमा लेखी पठाउनुपर्दछ ।

(ग) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा कानून विपरीत कार्य गरेको आधारमा कसैले उजूर गरेमा त्यस्तो कार्य गर्ने प्रहरी कर्मचारीलाई प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गरेकोमा अञ्चलाधीश मार्फत र अञ्चलाधीशले जाँचबुझ गरेकोमा सोझै श्री ५ को सरकार, गृह पञ्चायत मन्त्रालयमा आफ्नो सिफारिश एवं रायसहित आवश्यक कारवाहीको लागि जाहेर गर्नुपर्दछ ।

८. मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकारः– (१) देहायका मुद्दाहरूमा शुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछः–

(क) पचास रूपैयाँसम्म बिगो भएको साधारण चोरी मुद्दा,

(ख) बगलीमारा मुद्दा,

(ग) कालोबजार सम्बन्धी मुद्दा,

(घ) नपुग नाप तौल प्रयोग गरी ठगेको मुद्दा,

(ङ) चली आएको देवी देवताको स्थानमा बाहेक स्त्रीजाति चौपाया मारेको सम्बन्धी मुद्दा ।

(२) उप–दफा (१) अन्तर्गतका पटके नजनिने मुद्दामा बढीमा पचास रूपैयाँसम्म जरिवाना गरी छिनेकोमा प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ र निजको निर्णयउपर पुनरावेदन लाग्ने छैन । पचास रूपैयाँभन्दा बढी जरिवाना गरी छिनेको वा पटके जनिने मुद्दामा निजको निर्णयउपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले आफूकहाँ परेको उजूरीहरूको सिलसिलामा कुनै स्त्री वा नाबालकको धन सुरक्षित साथ राख्न लगाउनु आवश्यक देखेमा पञ्चायतको सहयोग लिई सो धन जिल्लाका कुनै गण्यमान्य व्यक्ति वा सरकारी कार्यालयको जिम्मामा सुरक्षित राख्न लगाउन सक्नेछ ।

(४) अञ्चल एवं जिल्लास्तरीय सरकारी स्रेस्ता कार्यालयहरूले शुरू कारवाही गरी गरेको निर्णयउपर प्रचलित नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक पैंतीस दिनभित्र अञ्चलाधीशसमक्ष पुनरावेदन लाग्नेछ ।

(५) उप–दफा (४) अन्तर्गत अञ्चलाधीशले गरेको निर्णयउपर पैंतीस दिनभित्र आय र कर अदालतमा पुनरावेदन लाग्नेछ ।

(६) अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम मुद्दा मामिलाहरूको कारवाही र किनारा गर्दा जुन ऐन अन्तर्गत मुद्दा मामिलाको कारवाही र किनारा गर्ने हो सो ऐनसमेत उल्लेख गरी प्रचलित नेपाल कानूनबमोजिमको म्यादभित्र कारवाही र किनारा गर्नु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकारः– (१) अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरवाहीसाथ बोली हिंड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटक्कै पिच्छे बढीमा पच्चीस रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) वेवारिसी मालसामान कुनै ठाउँमा पाइएमा प्रमुख जिल्ला अधिकारीले मुलुकी ऐन कल्याण धनको महलबमोजिम गर्नु गराउनु पर्दछ ।

(३) सरकारी वा आफ्ना घरायसी काममा कुनै सरकारी कर्मचारीले कसैलाई पनि बिना पारिश्रमिक करकापले काम गर्न लगाएमा प्रमुख जिल्ला अधिकारीले निज उपर प्रचलित नेपाल कानूनबमोजिम कार्यवाही चलाउन लगाउन वा निजामती सेवा नियमावलीअनुसार विभागीय कार्यवाहीको लागि सम्बन्धित विभागीय प्रमुखसमक्ष लेखी पठाउन सक्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंसक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा पञ्चायतले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाई दिन वा श्री ५ को सरकार, वन मन्त्रालयले निर्देशन दिएबमोजिम गर्नु पर्दछ ।

(५) कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएकोमा त्यस्तो बिक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एकसय रूपैयाँसम्म जरिवाना वा दुई महीनासम्म कैद गर्न वा दुबै सजाय गर्न सक्नेछ । प्रमुख जिल्ला अधिकारीले दिएको सजायमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(६) प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरा, पाटी, पौवा, सत्तल, धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्की बिग्री नोक्सान हुन लागेमा त्यस्को धनी, वारिस, स्थानीय पञ्चायत वा गुठी संस्थानद्वारा मरमत गर्न लगाउनु पर्दछ ।

(७) कुनै व्यक्ति बहुलाएको छ र त्यसलाई नियन्त्रणमा नराखी त्यसै छाडा राखेमा सम्बन्धित व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले मुलुकी ऐन इलाज गर्नेको महलको ६ नं. बमोजिम गर्नु गराउनु पर्दछ ।

(८) कसैलाई कसैसंगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठीक ठहरेमा पाँच रूपैयाँ दस्तूर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ ।

(९) उप–दफा (१) र (७) ले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले गरेको कुनै काम कारवाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारवाही भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैंतीस दिनभित्र अञ्चलाधीशसमक्ष निवेदन दिन सक्नेछ । अञ्चलाधीशले प्रमुख जिल्ला अधिकारीको त्यस्तो काम कारवाही सदर बदर वा हेरफेर गर्न सक्नेछ ।

१०. स्थानीय पञ्चायतहरूको लेखापरीक्षणः– स्थानीय पञ्चायतहरूको लेखापरीक्षणबाट ठहरिन आएका बेरूजुहरूको विषयमा जिल्ला पञ्चायतको बेरूजुको सम्बन्धमा अञ्चलाधीशले र गाउँ तथा नगर पञ्चायतहरूको बेरूजुको सम्बन्धमा जिल्ला पञ्चायतलाई पूर्व सूचना दिई प्रमुख जिल्ला अधिकारीले देहायबमोजिम गर्नु पर्दछ ।

(क) भ्रष्टाचार भएकोमा भ्रष्टाचार सम्बन्धी कानून अन्तर्गत कारवाही चलाउने,

(ख) कसैसंग बाँकी वक्यौता असूल गर्नु परेमा सरकारी बाँकी सरहको कारवाही गरी असूल गर्ने,

(ग) भ्रष्टाचार वा बाँकी वक्यौता नभै अनियमित खर्चसम्म भएकोमा त्यस्को प्रतिवेदन जिल्ला पञ्चायतको अनियमित खर्चको सम्बन्धमा सम्बन्धित जिल्ला सभामा र नगर पञ्चायत वा गाउँ पञ्चायतको अनियमित खर्चको सम्बन्धमा सम्बन्धित जिल्ला पञ्चायतमा पठाउन लगाउने ।

परिच्छेद–४

विविध

११. अधिकार प्रत्यायोजनः– (१) अदालत बाहेक अन्य कुनै अधिकारी वा संस्थालाई यो ऐन वा अन्य कुनै प्रचलित नेपाल कानूनबमोजिम प्राप्त भइरहेको अधिकारहरूमध्ये सबै वा केही श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित जिल्ला पञ्चायत, नगर पञ्चायत, गाउँ पञ्चायत वा अन्य कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी प्रदान गर्न सक्नेछ ।

(२) यो ऐन वा अन्य प्रचलित नेपाल कानूनबमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू अञ्चलाधीशले प्रमुख जिल्ला अधिकारीलाई वा आफ्ना मातहतको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना श्री ५ को सरकारलाई तुरून्त दिनु पर्दछ ।

(३) उप–दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अञ्चलाधीशले यो ऐन वा अन्य प्रचलित नेपाल कानूनबमोजिम आफूलाई प्राप्त भएको मुद्दा हेर्ने अधिकार कसैलाई प्रत्यायोजन गर्न सक्ने छैन ।

तर, श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो मुद्दा हेर्न अधिकार सबै वा केही प्रमुख जिल्ला अधिकारी वा अन्य कुनै अधिकृतलाई प्रदान गर्न सक्नेछ ।

(४) यो ऐन वा अन्य प्रचलित नेपाल कानूनबमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू प्रमुख जिल्ला अधिकारीले आफ्नो मातहतको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना अञ्चलाधीश र श्री ५ को सरकारलाई तुरून्त दिनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने छैन ।

१२. नियम बनाउने अधिकार:– यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१३. मुद्दा सर्ने:– यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित नेपाल कानून अन्तर्गत अञ्चलाधीशलाई भएको अधिकारबमोजिम अञ्चलाधीशछेउ दायर भई छिन्न बाँकी रहेको मुद्दाहरूमध्ये यस ऐनको दफा ८ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई हेर्ने अधिकार भएको मुद्दाहरू जति यो ऐन प्रारम्भ भएपछि प्रमुख जिल्ला अधिकारीमा सर्नेछन् र प्रमुख जिल्ला अधिकारीबाट कारवाही र किनारा हुनेछ ।

१४. बचाउ:– यो ऐन वा यस ऐन अन्तर्गतको नियममा लेखिएको कुरामा सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

१५. खारेजी:– देहायका नेपाल कानूनहरू खारेज गरिएको छ :–

(क) स्थानीय प्रशासन ऐन २०२२

(ख) मधेश गोश्वारा ऐन २०१२

(ग) काठमाडौं उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रेटको सवाल २००९

(घ) गौंडा गोश्वारासम्बन्धी प्रशासन (सामयिक व्यवस्था) ऐन २०१९

(ङ) मधेश गोश्वारा ऐन २०१२ (पहाड तर्फ समेत) लागू गर्ने ऐन २०१४

१६. स्थानीय प्रशासन अध्यादेश २०२८ निस्क्रीय भएपछि त्यसको परिणाम:– स्थानीय प्रशासन अध्यादेश २०२८ निस्क्रीय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निस्क्रीयताले:–

(क) निस्क्रीय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रित पुऱ्याई अघिनै गरिएको कुनै काम वा भोगी सकेको कुनै सजायलाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश विरूद्ध गरेको कुनै अपराधमा गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन, र

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजाय वा जफतका सम्बन्धमा भएको कुनै कानूनी कारवाही वा उपायमा असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई शुरू गर्न, जारी राख्न वा लागू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय पनि गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

अञ्चल तथा जिल्लाहरूको संख्या र नाम

अञ्चलहरूको संख्याः– १४ (चौध)

जिल्लाहरूको संख्याः– ७५ (पचहत्तर)

अञ्चल	जिल्ला
१. मेची	१ ताप्लेजुङ्ग
	२. पाँचथर
	३. ईलाम
	४. झापा
२. कोशी	१. संखुवासभा
	२. तेह्रथुम
	३. धनकुटा
	४. मोरङ्ग
	५. सुनसरी
३. सगरमाथा	१. सोलुखुम्बु
	२. भोजपुर
	३. खोटाङ्ग
	४. ओखलढुङ्गा
	५. उदयपुर
	६. सप्तरी
	७. सिराहा
४. जनकपुर	१. दोलखा
	२. रामेछाप
	३. सिन्धुली
	४. धनुषा
	५. महोत्तरी
	६. सर्लाही
५. वाग्मती	१. सिन्धुपाल्चोक
	२. रसुवा
	३. काभ्रेपलाञ्चोक
	४. भक्तपुर

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ललितपुर
६. काठमाडौं
७. नुवाकोट
८. धादिङ्ग

६. नारायणी
१. मकवानपुर
२. रौतहट
३. वारा
४. पर्सा
५. चितौन

७. गण्डकी
१. गोरखा
२. मनाङ
३. लमजुङ्ग
४. कास्की
५. पर्वत
६. तनहुँ
७. स्याङजा

८. लुम्बिनी
१. गुल्मी
२. पाल्पा
३. अर्घाखाँची
४. नवलपरासी
५. रूपन्देही
६. कपिलवस्तु

९. धौलागिरि
१. मुस्ताङ्ग
२. डोल्पा
३. म्याग्दी
४. बाग्लुङ्ग

१०. राप्ती
१. रुकुम
२. रोल्पा
३. प्यूठान
४. सल्यान
५. दाङ देउखुरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. कर्णाली	१. मुगु
	२. हुम्ला
	३. तिब्रीकोट
	४. जुम्ला
१२. भेरी	१. जाजरकोट
	२. दैलेख
	३. सुर्खेत
	४. बाँके
	५. बर्दिया
१३. सेती	१. बाजुरा
	२. बझाङ
	३. अच्छाम
	४. डोटी
	५. कैलाली
१४. महाकाली	१. दार्चुला
	२. बैतडी
	३. डडेलधुरा
	४. कञ्चनपुर

लालमोहर सदर मिति- २०२८।४।२०।५

आज्ञाले-
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।